का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ फागुन २०७९,
**सोमबार**
20 February 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**कांग्रेस र एमालेको दौडधुप**

# प्रचण्डकै आस

राष्ट्रपतिबारे सरगर्मी जति बढाए पनि कांग्रेस र एमालेले फेरि प्रचण्डकै आस राखेका छन् । प्रचण्डको 'मुभ' मा राष्ट्रपति निर्वाचन र आगामी राजनीतिक कोर्स अगाडि बढ्नेमा उनीहरु ढुक्क छन् ।

> राष्ट्पति र उपराष्ट्रपतिको निर्वाचनबारे पार्टीको ध्यानाकर्षण भएको छ । त्यसबारेमा अहिले औपचारिक निर्णय भइसकेको छैन । किनभने कुनै फिचर क्लियर भइसकेको छैन ।
>
> **प्रकाश अधिकारी**
> प्रवक्ता, जसपा



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालको आइतबार केन्द्रीय कार्यकारिणी समितिको बैठक थियो । उक्त बैठकमा राष्ट्रपति/उपराष्ट्रपति निर्वाचनबारे आन्तरिक छलफल गरेको छ । राष्ट्रपति/ उपराष्ट्रपति निर्वाचनबारे ठोस निर्णय गर्ने बेला नभए पनि त्यस सम्बन्धमा बैठकमा छलफल गरिएको पार्टीका प्रवक्ता प्रकाश अधिकारीले जानकारी दिए ।

उनी भन्छन्, 'राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनबारे पार्टीको ध्यानाकर्षण भएको छ। पार्टीले यसमा सोचिराखेको छ। त्यसबारेमा अहिले औपचारिक निर्णय भइसकेको छैन। किनभने कुनै फिचर क्लियर भइसकेको छैन। कुनै पनि उम्मेदवारहरूको बारेमा टुंगो पनि लागिसकेको छैन ।'

अर्थात, जसपाले भने जस्तै राष्ट्रपतिबारे सरगर्मी जति बढाए पनि राष्ट्रपतिको उम्मेदवारको टुंगो लागेको छैन । राष्ट्रपति निर्वाचनका सन्दर्भमा सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्र निर्णायक छ। यसकारण नेपाली कांग्रेस र नेकपा एमालेले फेरि प्रचण्डकै आश राखेका छन्। प्रचण्डको 'मुभ'मा राष्ट्रपति निर्वाचन र आगामी राजनीतिक कोर्स अगाडि बढ्नेमा उनीहरु ढुक्क छन् ।

चुनावी अंकगणितमा कांग्रेस र एमाले हाराहारीमा छन्। माओवादी केन्द्र तेस्रोमा छ। यसकारण माओवादी निर्णायक भएको हो । राष्ट्रिय सभामा १० र प्रतिनिधिसभामा ८९ सांसद रहेको कांग्रेसको मतभार ७,८२१ छ । प्रदेश सभातर्फ १७५ सदस्य जितेको कांग्रेसको मतभार ८,४०० हुन्छ । संघ र प्रदेश दुवैतर्फ जोड्दा कांग्रेसको कूल मतभार – बाँकी पृष्ठ २ मा

# सरकारप्रति सभामुखकै गुनासो

सरकार बनेको दुई महिना हुन लाग्यो । यसबीचमा सरकारले गर्न सक्ने कामहरु समेत नगरेको र संसदमा पनि प्रभावकारी छलफल हुन नसकेको भन्दै सभामुख देवराज घिमिरेनै सरकारप्रति गुनासो गर्नेतिर केन्द्रीत भएका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

संसद प्रभावकारी भएन भनेर जो कोहीले टिप्पणी गर्न सक्छ । यस्ता टिप्पणीलाई ख्याल गरेर सदनलाई प्रभावकारी बनाउन भूमिका खेल्ने दायित्व सभामुखको पनि हो । तर, सभामुख देवराज घिमिरे आफैं सरकारको आलोचनामा उत्रिन थालेका छन् ।

सरकार बनेको दुई महिना हुन लाग्यो । यसबीचमा सरकारले गर्न सक्ने कामहरु समेत नगरेको र संसदमा पनि प्रभावकारी छलफल हुन नसकेको भन्दै सभामुख घिमिरेनै सरकारप्रति गुनासो गर्नेतिर केन्द्रीत भएका हुन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आइतबार राजधानीमा मानव अधिकार वर्ष पुस्तक विमोचन कार्यक्रम राखेको थियो । जसलाई सम्बोधन गर्दै सभामुख घिमिरेले सरकारले शान्ति प्रक्रियाको बाँकी कामलाई पूर्णता दिने कार्यलाई प्राथमिकतामा नराखेको टिप्पणी गरे । उनले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोगबाट सम्पादन गर्नुपर्ने कामहरुलाई प्राथमिकतामा नराखेको टिप्पणी गरेका हुन् ।

सत्य निरुपण तथा बेपत्ता छानबिन आयोगले काम नसकाउदै म्याद सकिने र थप्ने क्रम चलिरहेको उल्लेख गर्दै सभामुख घिमिरेले फेरि पनि सरकारले आयोगको म्याद थपेको तर, शान्ति प्रक्रियाका कामलाई पूर्णता दिने गरी ठोस कार्यक्रम नल्याएको बताए ।

'अहिलेको सरकारले त्यस (आयोग)को म्याद थप्यो । म्याद थपेको पनि केही समय बित्यो । तर, त्यसलाई फेरि गठन



गरेर बडी (संस्था) बनाएर गर्नुपर्ने कामहरु भइरहेको छैन' उनले भने । सभामुख घिमिरेले यसैमा थपेका छन्, 'युद्ध (शसस्त्र द्वन्द्व)मा मान्छेहरुले पाएका सास्तीहरु, त्यहाँबाट अपाङ्गता भएकाहरु, अशक्त भएर जिवीकोपार्जनका निम्ति अप्ठ्यारोमा परेका परिस्थितिहरुप्रति सरकारले गम्भीर भएर तत्कालको कार्यक्रम अगाडि ल्याउन सकिरहेको छैन ।'

शान्ति प्रक्रियाको कामलाई टुंगोमा पुऱ्याउने विषयमा संसदमा समेत पर्याप्त छलफल हुन – बाँकी पृष्ठ २ मा

**भित्र**


## राजनीतिमा अर्को अस्थिरता




आज देशको अर्थतन्त्र टाट पल्टिने अवस्थामा छ । सरकारी सूचांकहरूले अर्थतन्त्रका धेरैजसो क्षेत्र निकै संकटमा पुगेको देखाउँछ । तर, बढ्दो संकटका बीच राजनीति भने थप अस्थिरता केन्द्रीत छ ।

पृष्ठ ४

पृष्ठ ६

## रोमान्टिक रमेश र वर्षा


इभान इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको फिल्मको निर्माता बीना कार्की र सन्तोषकुमार राई हुन् भने सह-निर्मातामा सञ्चारकर्मी सुदीप पौडेल रहेका छन् ।



## एसियन क्रस कन्ट्री...

पृष्ठ ७

प्रतियोगिता नेपालले दोस्रो पटक आयोजना गर्ने लागेको हो । यसअघि करिब २४ वर्ष अगाडि सन् १९९९ मा यस प्रतियोगिता नेपालले आयोजना गरेको थियो ।





**वैदेशिक रोजगार विशेष**

## संघद्वारा साउदी समस्याबारे दूतावासदेखि विभागसम्मको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले साउदी अरेबियाका लागि नेपाली राजदूत नवराज सुवेदीलाई मागपत्र प्रमाणीकरण तथा कामदारका समस्या समाधानका लागि ध्यानाकर्षण गराएको छ। संघले आइतबार राजदूत सुवेदी, महावाणिज्य दूतावास जेद्धाका कन्सुलर शत्रुधन प्रसाद पोखरेल, वैदेशिक रोजगार विभागका निर्देशक कृष्णप्रसाद भुसाल, काउन्सिलर श्रम देवेन्द्र कार्की र संघ पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको भर्चुअल अन्तरक्रिया राखेको थियो ।

राजदूत सुवेदीले नेपालबाट उक्त मुलुकमा वैदेशिक रोजगारीमा जाने कामदारको लागत खर्चको अवस्था बेमेलपूर्ण रहेको र कतिपय कामदारको लागत खर्च नेपाल सरकारले तोकेभन्दा अत्यन्तै धेरै रहेकोले त्यसमा एकरुपता ल्याउनुपर्ने उल्लेख गरे। कम्पनीको तर्फबाट करारमा उल्लेख भएअनुसार सेवा सुविधा दिए/नदिएको अनुगमन गरिरहेको भन्दै राजदूत सुवेदीले साउदीस्थित विभिन्न कम्पनीका मालिकलाई भेटी नेपाली कामदारलाई सम्झौताअनुसारको सेवासुविधा दिन अनुरोध गरेको बताए ।

राजदूत सुवेदीले रोजगारदाता तथा व्यवसायीहरूको सहजताका लागि छुट्टीको दिनमा समेत दूतावास खोलेर मागपत्र प्रमाणीकरणको सेवा दिइरहेको भन्दै म्यानपावर कम्पनी र व्यवसायीहरू पनि कामदारका समस्यामा गम्भीर हुनुपर्ने बताए । केही वैदेशिक रोजगार व्यवसायीहरूमा समस्याको समाधान समयमै नगर्ने प्रवृत्ति देखिएको भन्दै राजदूत सुवेदीले संघले व्यवसायीको आचारसंहिता कार्यान्वयनमा जोड दिई सकेसम्म कम्पनीको – बाँकी पृष्ठ २ मा

## सुनसरी वैदेशिक रोजगार हकहित संघमा नयाँ नेतृत्व



इटहरी/मस- सुनसरी वैदेशिक रोजगार हकहित संघको अध्यक्षमा दुर्गाप्रसाद थापा निर्विरोध निर्वाचित भएका छन् । सुनसरीको इटहरीमा आइतबार सम्पन्न प्रथम साधारणसभा तथा महाधिवेशनले थापाको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको हो । संघको उपाध्यक्षमा बिरेन सुब्बा र सहसचिवमा अर्जुन राई पनि निर्विरोध निर्वाचित भए । कार्यसमितिको अन्य – बाँकी पृष्ठ २ मा

## सक्रिय बन्न खोज्दै पूर्वराजा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा शनिबार पूर्वराजा ज्ञानेन्द्र शाहले मुलुक अद्योगतिमा लागेको भन्दै प्रजातन्त्र जोगाउन राजनीतिक दल र राजसंस्थाबीच सहकार्य आवश्यक रहेको भन्दै विज्ञप्ति जारी गरेपछि राजनीतिक वृत्तमा तरंग छाएको छ । वर्षौंदेखि मौन रहेका पूर्वराजाको सक्रियता र विज्ञप्तिपछि सामाजिक सञ्जालदेखिराजनीतिक वृत्तसम्ममा तरंग पैदा भएको हो । 'अब यो देश जोगाउन प्रजातन्त्रका लागि अपरिहार्य राजनीतिक दलहरु र लामो समय देशभक्तिपूर्ण ऐतिहासिक विरासत बोकेको राजसंस्था आएर आपसी विश्वासका साथ सहकार्यका लागि बिलम्ब गर्नु हुँदैन,' उनले जारी गरेको वक्तव्यमा लेखिएको थियो ।

> नेपालमा राजसंस्था अब एउटा अतीत मात्र हो । जुन संस्था नै इतिहास भइसक्यो, उसँग केको सहकार्य ? संविधान र गणतन्त्र स्वीकार नगरेका पूर्वराजा शाहसँग सहकार्यको औचित्य छैन ।
>
> **रामचन्द्र पौडेल**
> कांग्रेस वरिष्ठ नेता

तर, राजनीतिक दलका शीर्षस्थ नेताहरु भने पूर्वराजासँगको सहकार्य असम्भव रहेको दाबी गर्छन् । 'कोसँग, केसँग सहकार्य ? ज्ञानेन्द्रजी आफैं अलमलमा हुनुहुन्छ, अझै पनि त्यो पुरानो झल्को उहाँलाई आइराख्छ, २-४ जना मान्छे वरिपरि देख्यो भने त्यो झल्कोले जोस्याउँछ' एमालेका अध्यक्ष केपी ओलीले भने । उनले राजाले सक्रियता देखाएपनि – बाँकी पृष्ठ २ मा




## कांग्रेस...

१६ हजार २२१ पुग्छ । एमाले कांग्रेसकै हाराहारीमा छ । दुवै सभातर्फ जोड्दा १५ हजार २८१ मतभार रहेको एमालेको प्रतिनिधिसभामा ७८ र राष्ट्रिय सभामा अध्यक्षसहित १७ सांसद छन् । जसको मतभार ७,५०५ हुन्छ । प्रदेश सभातर्फ देशभर १६२ सिट जितेको एमालेको मतभार ७,७७६ छ ।

राष्ट्रिय सभामा १६ सांसद रहेको माओवादी केन्द्रको प्रतिनिधिसभामा ३२ सिट छ । प्रदेश सभातर्फ उसले देशभर ८२ सिट जितेको छ । संघमा ३,७९२ मतभार रहेको माओवादी केन्द्रको प्रदेशसभा तर्फ ३,९३६ मतभार पुग्छ । दुवैतिर जोड्दा माओवादीको कूल मतभार ७,७२८ हुन आउँछ ।

तीनवटै सभाको कूल मतभार जोड्दा एकीकृत समाजवादीको दुई हजार ४७८, जनता समाजवादी पार्टी (जसपा) को दुई हजार ९७ मतभार छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभामा २० सिट जितेको थियो । नागरिकता विवादमा रास्वपा सभापति रवि लामिछानेको पद गएका कारण उक्त दलसँग अहिले १९ सिट मात्रै छ । यसरी रास्वपाको मतभार १,५०१ मा झरेको छ ।

प्रदेश सभा र प्रतिनिधिसभा समेत जोड्दा जनमत पार्टीको १,२४२, लोसपाको ८२७, नागरिक उन्मुक्ति पार्टीको ७६५, नेमकिपाको २२३, राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाली पार्टीको ९६ र स्वतन्त्र मतभार १२८७ छ ।

संघीय संसदका ३३४ जनाले राष्ट्रपति र उपराष्ट्रपतिका लागि मतदान गर्छन् । जसको मतभार २६ हजार ३ सय ८६ हुन आउँछ । सातवटै प्रदेश सभामा ५५० सदस्य छन् । उनीहरुको कूल मतभार २६ हजार ४०० सय हुन आउँछ ।

राष्ट्रपति निर्वाचनमा कूल ८८४ जनाले मतदान गर्नेछन् । उनीहरूको जम्मा मतभार ५२ हजार ७ सय ८६ हुन्छ । संविधानको धारा ६२ (३) अनुसार राष्ट्रपति निर्वाचनमा विजयी हुन ५१ प्रतिशत अर्थात, कम्तीमा २६ हजार ३ सय ९४ मत ल्याउनुपर्ने हुन्छ । यसकारण जित्न कांग्रेस र एमालेलाई माओवादी केन्द्रकै भर छ । यही फागुन २५ गते राष्ट्रपति र चैत्र ३ गते उपराष्ट्रपतिको निर्वाचन हुँदैछ ।

## सरकारप्रति...

नसकेको सभामुख घिमिरेको स्वीकारोक्ति छ ।

१ साउन २०७८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषदको बैठकले सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग र यसका पदाधिकारीहरुको म्याद एक वर्ष थप गर्ने निर्णय गरेको थियो । फेरि बाधा अड्काउ-फुकाउमार्फत २८ असोजको मन्त्रिपरिषद् निर्णयबाट आगामी असार मसान्तसम्म दुबै आयोगको थपिएको छ । यसै वर्ष दुईपटक म्याद थपिए पनि ३१ असार २०७८ देखि नै दुबै आयोग पदाधिकारीविहीन छ ।

आयोगको म्याद थपेर पनि पदाधिकारी नभएका कारण काम हुन नसकेको भन्दै सभामुखले सरकारको आलोचना गरेका हुन् । यसका अलवा सरकार जनउत्तरदायी नभएको उनको टिप्पणी छ । सरकारले सदनलाई विजनेश नदिएको उनको गूनासो छ । संसद प्रतिपक्षीको भएको तर, व्यवहारत सदनमा प्रतिपक्षी समेत देखा नपरेको उनको गुनासो छ ।

## संघद्वारा...

सामाजिक उत्तरदायित्वको भूमिका निभाउन जोड दिनुपर्ने धारणा राखे ।

विभागका निर्देशक भुसालले दूतावास, व्यवसायी तथा विभागको सहकार्यमा व्यवसायी र कामदारका समस्याको समाधान गर्नुपर्नेमा जोड दिए । उनले सेवा प्रवाहमा ढिलाइ गरिएको बहानाबाजी गरेर विभाग, दूतावास र व्यवसायीलाई बद्नाम गर्ने पक्ष हाबी हुन चाहेको भन्दै तीन वटै निकायबीच सहकार्यका माध्यमबाट कामदार तथा व्यवसायीका समस्याको समाधान गर्न उपाय पहिल्याउनु पर्ने बताए ।

संघका अध्यक्षा राजेन्द्र भण्डारीले नेपाल सरकारले कार्यान्वयन गरिरहेको अव्यवहारिक सेवा शुल्कको कारणले लागत खर्च समान हुन नसकेको भन्दै सेवा शुल्क परिमार्जनका लागि दूतावासदेखि विभागसम्मले सकारात्मक पहल र समन्वयको आवश्यकता रहेकोमा जोड दिए । व्यवसायीहरू जहिलेसुकै कामदारको समस्याको समाधान हुनुपर्ने र वैदेशिक रोजगारमा गएका कामदार समस्यामुक्त रहनुपर्ने मान्यतामा रहेको भन्दै अध्यक्ष भण्डारीले साउदी अरबको रोजगारीमा रहेका समस्याको समाधानका लागि दूतावासबाट सकारात्मक भूमिकाको अपेक्षा गरेको बताए । महावाणिज्यदूत पोखरेलले संघको नवनिर्वाचित कार्यसमितिसँग सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

## सुनसरी...

पदाधिकारी तथा सदस्यमा निर्वाचन भएको थियो । संघको सचिवमा गणेश ओली र कोषाध्यक्षमा रमेश विष्ट निर्वाचित भए । त्यसैगरी सदस्यमा विकास तामाङ, जीवनकुमार राना, डिल्लीराम भण्डारी, दिपक बस्नेत, आशिष तामाङ, गजेन्द्र योङहाङ निर्वाचित भए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरूङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा उद्योग वाणिज्य संघ इटहरीका अध्यक्ष भीम पौडेल, संघका संस्थापक महासचिव नन्दराम राई, इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्ले विशिष्ट अतिथि रहेका थिए ।

त्यसैगरी कार्यक्रममा नेकपा माओवादी केन्द्रका इटहरी इन्चार्ज मदन चुडाल, जनजाति महासंघ इटहरकी अध्यक्ष चराङ्ग राई, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य अमर खड्का, नेपाल अभिमुखी व्यवसायी महासंघ प्रदेश १ का अध्यक्ष तथा नेपाल मेडिकल व्यवसायी संघका केन्द्रीय सदस्य गणेश खड्का, एमाले नेता तथा इटहरी वडा नं ४ का अध्यक्ष भक्त लामा उपस्थित रहेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि गुरूङले नवनिर्वाचित कार्यसमितिलाई कार्यकाल सफलताको शुभकामना दिँदै संघलाई पूर्णरूपमा पारदर्शिताको आधारमा सञ्चालन गर्न सुझाव दिए । उपाध्यक्ष गुरूङले वैदेशिक रोजगार विभागका शाखा कार्यालय सञ्चालन निर्देशिका अनुसार शाखा सञ्चालन गर्नुपर्ने भन्दै कार्यालयमा रहने कर्मचारीलाई अनिवार्यरूपमा परिचयपत्र दिएर अनधिकृत व्यक्तिहरूबाट हुने कारोबार र चलखेल निरूत्साहित गर्न, अनावश्यकरूपमा राहदानी संकलन गरी लामो समय राख्ने प्रवृत्ति रोक्न र राहदानी राख्दा अनिवार्यरूपमा सम्बन्धित व्यक्तिलाई भर्पाइ दिन सुझाव दिए ।

म्यानपावर कम्पनीको केन्द्रीय कार्यालयले प्रकाशन गरेको विज्ञापनअनुसार सबै कोटामा कामदार छनोट नगर्न पनि द्वितीय उपाध्यक्ष गुरूङले सुझाव दिए ।

साधारणसभामा ६० व्यवसायी सहभागी रहेकोमा ५७ जनाले मतदानमा भाग लिएका थिए । संघ वैदेशिक रोजगार विभागबाट इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीबाट सञ्चालन गरिएका शाखा कार्यालयमा कार्यरत व्यवसायीहरूद्वारा स्थानीय प्रशासनमा दर्ता रहेको संस्था हो ।

## सक्रिय...

जनता र राजनीतिक दल भने ईच्छुक नरहेको प्रष्ट बनाएका छन् ।

पूर्वप्रधानमन्त्री माधव नेपाल पनि राजावादीहरुसँग कुनै खालको सहकार्य हुननसक्ने बताउँछन् । 'हामीले वर्षौंको संघर्षपश्चात् जनताको अधिकारसहितको गणतन्त्र स्थापना गरेका हौं, इतिहास बनिसकेको राजतन्त्रको पुर्नस्थापना र सहकार्य सम्भव छैन,' उनले भने । साथै उनले केही व्यक्तिको उक्साहटमा लागेर राजा सक्रिय भएपनि सहकार्यको सम्भावना भने नरहेको बताएका हुन् ।

उनीमात्रै होइन, नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल पनि राजा ज्ञानेन्द्रको अस्वभाविक सक्रियताले राजनीतिमा तरंग पैदा भएको स्वीकार गर्छन् । 'नेपालमा राजसंस्था अब एउटा अतीत मात्र हो । जुन संस्था नै इतिहास भइसक्यो, उसँग केको सहकार्य ? यो उनको रहर मात्रै हो,' उनले भने । संविधान र गणतन्त्र स्वीकार नगरेका पूर्वराजा शाहसँग सहकार्यको औचित्य नरहने उनी बताउँछन् ।

माओवादी केन्द्रका सांसद एवम् नेता माधव सापकोटा सुबोध पनि जनताको हक अधिकार कुण्ठित पार्न खोज्ने राजसंस्थासँग कुनै किसिमको सहकार्य नहुने प्रष्ट बनाउँछन् । 'पूर्वराजा ज्ञानेन्द्रसँग कुन मुद्दामा सहकार्य गर्ने ?' 'देशमा संविधान, गणतन्त्र स्थापना भइसकेको छ, उनी संविधान र लोकतन्त्र मान्छन् ? ' उनले प्रश्न गरे । साथै राजावादीहरु चलमलाउन थालेपनि राजसंस्थाको पुनर्स्थापना र सहकार्य असम्भव रहेको उनको दाबी छ । राजनीतिक दलहरुले राजाको सक्रियतालाई अस्वभाविक लिएपनि राप्रपा भने उत्साहित देखिएको छ । एकातिर दलहरुको कार्यशैलीलाई लिएर जनवितृष्णा चुलिनु अनि अर्कातिर राजाको सक्रियता बढ्नुले विशेष सन्देश दिएको विज्ञहरुले बताउँदै आएका छन् ।

ZERO COST RECRUITMENT Opportunity for Malaysia!!

शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Job Offer to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित । कामको प्रस्ताव देखि उडान सम्म निःशुल्क खाना । यातायात । आवास ।

रोजगारदाता कम्पनी : ब्लुबेरी इन्डस्ट्रीज् एसडिएन बिएचडि
EMPLOYER COMPANY : BLUAEBERRY INDUSTRIES SDN BHD

| पूर्व स्वीकृत मितिः २०२२/०७/०७ | चलानी नंः ६०१८२७८६ | एल टि नं : २६६९४७ |
|---|---|---|
| Pre Approval Date: 2022/07/07 | Invoice No.: 60182786 | LT No. : 266947 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | न्यूनतम योग्यता Minimum Qualification | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | प्रडक्सन अपरेटर Production Operator | १०० 100 | 0 0 | १५०० 1500 | ४५,२८५ 45,285 | सम्बन्धित ज्ञान र अनुभव भएका Knowledge and experience in relevant job | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/- रोजगारदाताले ब्यहोर्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

प्रि-अन्तर्वार्ता आइएमआरको अफिसमा भइरहको छ। फाइनल अन्तर्वार्ता आइएमआर को अफिसमा मिति १६ फागुन २०७९, मंगलबारको दिन हुनेछ ।
Pre-interview is being conducting at IMR office, Gwarko. The Final Interview will be held at IMR Office, Gwrako on 28 February 2023, Tuesday.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको हटलाइन नं. +९७७ ९८०११३७७६९ मा वा ईमेल **grievance@imrsolution.com** मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं ।
Feel free to report against fraud, illegal activities or corruption in IMR's Hotline **+977 9801137769** or email at **grievance@imrsolution.com** . We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

License No. 309/059/060
**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: : +977 9801031586, 9818979632, 9801045628.
For Location:

# Invitation for Bids

## Aathabis Municipality
## Office of the Municipal Executive
**Rakam Karnali, Dailekh**

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**

**Date of publication: 2079/11/8**

1) Aathabis Municipality Office, Rakam Karnali invites National Competitive Bidding(NCB) from registered contractors for the construction of *following works.*
2) The Estimated amount for the works are as specified on the following Table.
3) Eligible Bidders may get further information on telephone: 089690475 or website: www.aathabismun.gov.np
4) *Bidders shall have submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.*
5) Bid shall be opened in the presence Or in the absence of Bidders representatives chosen by Bidders to attend at 14:00 *hour and* **2079/12/09** at the office of Aathabis Municipality, Rakam Karnali.
6) Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7) If bidder wishes to submit the **Bid Security** in the form of cash, the cash should be deposited in Deposit Office Account No. 06301400250030 **and Account Name:** Aathabis Municipality,office of Municipal Executive,Rakamkarnali, Dailekh at Nepal investment bank Ltd.,dababranch,Dailekh:and submit the receipt of the deposited amount of cash along with the bid document and Office Account no: 06301400250085.(for Bid document cost).
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**1. Table:-**

| S.No. | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (Including VAT and PS) |
|---|---|---|---|---|---|
| 1. | 05/NCB/AM/R/2079-080 | Daha Rangajudhe Hudai Basulle Bhatta Kalikot Sadak Nirman,Aathabis Municipality-9, Dailekh | 2,17,000.00 | 3,000.00 | NRs:86,52,000.00 |
| 2. | 06/NCB/AM/C/2079-080 | Bhitrikhola Layapatal Sichai Yojana Nirman, Aathabis Municipality-5, Dailekh | 1,74,000.00 | 3,000.00 | NRs:69,50,000.00 |

**Chief Administrative Officer**
**Dil Bahadur Shahi**

**Lumbini Province Government**
**Ministry of Water Supply, Rural and Urban Development**

## Urban Development & Building Office
**Nepalgunj, Banke**

# Invitation for Bids

**IFB No.UDBO/BANKE/WORK/2079-080/15**
**Date of publication: 2079/11/08**

1. Urban Development & Building Office, Banke invites electronic bids for Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with VAT & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/BANKE/NCB/WORK/MAINAPOKHAR.DRAIN/079-080/56 | Construction of RCC drain work at Mainapokhar Bazar Bardiya | 9999272.90 | 3000 | 250000 |
| 2. | UDBO/BANKE/NCB/WORK/RAJAPUR.DRAIN/079-080/57 | Construction of RCC drain work at Rajapur-4 Tharu Village, Bardiya | 5999652.5 | 3000 | 150000 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before 12:00 hour on **2079/12/08**. For more detail information at 081-530401 within office hour or download the Bidding Document.

**Act. Office Chief**

# दैनिक २० जना अमानवीय ज्यादतीबाट पीडित

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ फागुन



नेपालमा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा वृद्धि हुँदै गएको पाइएको छ । मानवअधिकार उल्लंघन र ज्यादतीबाट दैनिक २० जना पीडित हुने गरेको तथ्याङ्क सार्वजनिक भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सन् २०२१ को तुलनामा सन २०२२ मा मानव अधिकार उल्लंघनका घटना बढेको तथ्याङ्क सार्वजनिक गरेको हो । आइतवार सार्वजनिक नेपाल मानव अधिकार वर्षपुस्तक २०२३ अनुसार सन् २०२२ मा दैनिक औसतमा २० जना मानव अधिकार उल्लंघन र ज्यादतीको सिकार बनिरहेका छन् । पीडितमध्ये सबैभन्दा धेरै महिला छन् । सन् २०२२ मा मानवअधिकार उल्लंघनका घटनामा ७ हजार ३७६ जना पीडित भएका छन् । सन् २०२१ को तुलनामा यो संख्या १ हजार ८५ बढी हो । सन् २०२१ मा यस्ता घटनामा ६ हजार २ सय ८५ जना पीडित थिए ।

सन् २०२२ मा राज्य पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनामा ५० महिला र ५ सय ७२ पुरुष गरी ६ सय २२ जना पीडित भएका छन् भने अन्य पक्षबाट भएका ज्यादतीका घटनामा ५ हजार ९४४ जना महिला, ८ सय ७ र तीन जना यौनिक तथा लैंगिक अल्पसंख्यकसहित ६ हजार ७ सय ५४ जना पीडित भएका छन् । यसमा महिलामाथि हुने हिंसाका घटनामा सबैभन्दा बढी ४ हजार २ सय २८ जना पीडित देखिएको छ ।

इन्सेकको तथ्यांक प्रतिवेदन अनुसार अपहरणमा ३५, गिरफ्तारमा ८१, कुटपिटमा ४४८, बालअधिकारमा एक हजार ४५३, हिरासतमा मृत्युमा ४ र अमानवीय व्यवहारबाट २५ जना पीडित भएका छन् ।

त्यस्तै, सन् २०२२ मा ३ सय ३३ जनाको हत्या भएको छ भने २३ जना जातीय विभेदमा परेका छन् । यो अवधिमा अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार हनन्बाट ४०५ जना पीडित बनेका छन् भने ३७ जना धम्की र ५ यातनाबाट पीडित बने । महिला अधिकार उल्लंघनमा ४ हजार ३ सय ३८ पीडित हुनुका साथै कारागारमा मृत्यु हुने ५३ र बेपत्ताको संख्या २ छन् ।

इन्सेक बागमती प्रदेश कार्यालय संयोजक गणेश भण्डारीले राज्यपक्ष कमजोर हुँदा मानव अधिकार संरक्षणको पाटो झन् झन् कमजोर भएको बताए ।

# भेरी अस्पताललाई स्वास्थ्य सामग्री

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ७ फागुन




सहकर्मी समाज बाँकेले भेरी अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । कोभिड आपतकालीन प्रतिकार्य नेपाल कार्यक्रम अन्तर्गत कोरडाइड र सहकर्मी समाजको आर्थिक सहयोगमा अस्पताललाई १८ लाख ६८ हजार ५ सय बराबरको सामग्री हस्तान्तरण गरेको संस्थाका जिल्ला कार्यक्रम संयोजक अन्जु गुरुङले बताइन् । सहकर्मी समाजका कार्यकारी निर्देशक अमर बहादुर ऐरले भेरी अस्पतालका मेसु डा. वीरेन्द्र बहादुर चन्दलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए । स्वास्थ्य सामाग्री लिँदै अस्पतालका मेसु चन्दले यो सामग्रीले थोरै भएपनि अस्पतालमा सेवा दिनका टेवा पुऱ्याउने बताए । यस्तै सहकर्मी समाजका कार्यकारी निर्देशक एरले अस्पतालमा सामग्री हस्तान्तरण गर्न पाउँदा खुसी व्यक्त गरेका थिए । सहकर्मी समाजले गत वर्ष पनि भेरी अस्पताललाई स्वास्थ्य सामग्री सहयोग गरेको थियो । अस्पताललाई ४ सय थान गाउन, ६ सय ५० थान पीपीई सेट, ९ हजार ४ सय थान ग्लोब्स्, २ सय थान सोडियम हाइपोक्लोराइड, एक थान डिस्पेन्सर, २ थान बिपी सेट, २ सय थान नसल प्रोङ्ग, २ थान अक्सिमिटर, ८ हजार २ सय ५० थान माक्स हस्तान्तरण गरिएको संस्थाले जनाएको छ । सामग्री हस्तान्तरण कार्यक्रममा सहकर्मी समाजका अर्गनाइजेसन डेभलपमेन्ट अफिसर धनश्याम अचार्य, प्रोग्राम अफिसर चम्फा सिंह भण्डारी, फाइनान्स अफिसर सुरज राई लगायतको सहभागिता थियो ।

# प्रजातन्त्र दिवसको अवसरमा वृक्षारोपण



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ७ फागुन

७३औं प्रजातान्त्र दिवसको अवसरमा वृक्षारोपण गरिएको छ । तातोपानी गाउँपालिका वडा नम्बर ५ स्थित बाइसथाप्ला सामुदायिक वनमा सशस्त्र प्रहरी बल ३३ नम्बर गणको नवनिर्मित भवनको परिसरमा वृक्षारोपण गरिएको हो ।

एक सय ७० वटा बिरुवा रोपेर प्रजातन्त्र दिवस मनाइएको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले जानकारी दिए । उनले मध्यान्हलाई दिएको जानकारी अनुसार १ सय वटा स्याउ, १० वटा दाँतेओखर, २० वटा धुपी, २० वटा देवदार र २० वटा सल्लाको बिरुवा रोपिएको हो ।

स्याउको बिरुवा, स्याउ सुपरजोनले सहयोग गरेको थियो भने अन्य सबै बिरुवा डिभिजन वन कार्यालय जुम्लाले सहयोग वृक्षारापण गरिएको अध्यक्ष चौलागाईंले बताए ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले स्याउको बिरुवा रोपेर उद्घाटन गरेका थिए । वृक्षारोपण गरेर मात्र नहुने भएकाले दिगो व्यवस्थापनमा ध्यान दिनुपर्ने उनको भनाइ थियो । उनले घेराबन्दी, सिचाइँ र रेखदेखको उचित व्यवस्थापन गर्न अनुरोध गरेका छन् ।

हिमा गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर शाही, पातारासीका गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोरा, चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायत, तोपानीका गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाई र विषयगत कार्यालयका प्रमुखहरुले वृक्षारोपण गरेका थिए ।

# ओखरको बिरुवा वितरण



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ७ फागुन

बाफिकोट गाउँपालिकाले ओखरका बिरुवा वितरण गरेको छ । गाउँपालिका भित्रका सबै वडाका किसानलाई ओखरको बिरुवा वितरण गरिएको कृषि विकास शाखा बाफिकोटका लोकेन्द्र ओलीले जानकारी दिए ।

उनका अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट विस्तार कार्यक्रम तथा संघीय सशर्त कार्यक्रमको आर्थिक सहयोगमा १६ जना किसानलाई बिरुवा वितरण गरिएको हो ।

एक हजार थिन्सेल दाँते कलमी जातका ओखरका बिरुवा प्रत्येक वडाका २/२ जनालाई प्रदान गरिएको उनले जानकारी दिए । किसानलाई व्यावसायिक रुपमा आत्मनिर्भर बनाउने उद्देश्यले ओखरका बिरुवा वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

ओखर वितरण कार्यक्रममा बाफिकोट गाउँपालिकाका उपाध्यक्ष तारा बुढा केसी, प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओली, कृषि शाखा प्रमुख लोकेन्द्र ओली लगायतको सहभागिता रहेको थियो । पाँच लाख रुपैयाँ बराबरको बिरुवा खरिद गरेर वितरण गरिएको गाउँपालिकाले जनाएको छ । जसमा गाउँपालिकाको पचास प्रतिशत र कृषकको पचास प्रतिशत लगानी रहेको छ । ओखरका बिरुवा त्रिवेणी गाउँपालिकाको सन्तोष नर्सरी फार्मबाट खरिद गरिएको गाउँपालिकाले जनाएको छ ।

२०७९ फागुन ०८ देखि

## तेस्रो राष्ट्रपति रनिङ शिल्ड २०७९
## बाफिकोट गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड

रुकुम पश्चिम

**राष्ट्रपति रनिङ शिल्डमा खेलाइने खेलहरु**

भलिबल : छात्रा छात्र
दौड : १००, २००, ४००, ८००, १५०० र ३०००
१००X४, रिले ४००X४, रिले (छात्रा छात्र दुबै)

हाईजम्म लङजम्प, त्रिपलजम्प, सटफुट, ज्याफ्लीङ थ्रो (छात्रा छात्र दुबै)

**प्रमुख प्रशासकीय अधिकृत**
दुर्गा बहादुर ओली

**शिक्षा संयोजक**
रत्न बहादुर के.सी

प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
पाँचथर, फिदिम, प्रदेश नं. १, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०७९/११/०८

यस कार्यालयबाट मिति २०७९/०७/०१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको सडक निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट गरिएका फर्मको नाम र ठेगाना | कबोल गरेको अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|
| IDO-PAN-NCB-ROAD-079/80-19 | Upgrading of Saptami-Dashami-Okharbote-Mauwa-Aangna-Lakhuwadobhan Road (Chainage: 0+000 to 14+909 Km), Panchthar | M/S KHARIDHUNGA/ GOLMESHWOR JV, Srijananagar, Bhaktapur, Nepal | 45,90,98,380.19 |

कार्यालय प्रमुख

# भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः
वि.स. २००३/०४/०६

स्वर्गारोहणः
वि.स. २०७९/१०/२७

**स्वर्गीय लछुमन गुरुङ्ग**

यस महाबु गाउँपालिकाका अध्यक्ष श्री **लछुमन गुरुङ्ग**को मिति २०७९/१०/२७ गतेका दिन उपचारका क्रममा जिल्ला अस्पताल दैलेखमा भएको असामयिक निधनले समस्त गाउँपालिका परिवार स्तब्ध भएको छ । वि.सं. २०२५ देखि २०४५ सम्म प्रधानपञ्च, २०४९ मा साबिक बडाखोला गाउँ विकास समितिका अध्यक्ष पदमा रही कुशलतापूर्वक जिम्मेवारी पुरा गर्नु भएका स्वर्गीय **गुरु**ङ्ग स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा महाबु गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो ।

आदर्श र निष्ठाका प्रतीक तथा सादगी र लोकप्रिय जनप्रतिनिधिका रुपमा परिचित अध्यक्ष गुरुङ्गको निधनले महाबु गाउँपालिकाले असल राजनीतिज्ञ र कुशल अभिभावक गुमाएको छ भने देशले कर्तव्यनिष्ठ र इमान्दार जनप्रतिनिधि गुमाएको छ ।

साथै आज ११ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना सहित स्वर्गीय गुरुङ्गप्रति भावपूर्ण श्रद्धाञ्जलि तथा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**महाबु गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
गैडावाज, दैलेख परिवार

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ फागुन २०७९, सोमबार
20 February 2023, Monday

## सम्पादकीय

# रमिते बन्न मिल्दैन सरकार

विपन्न परिवार र पीछडिएको क्षेत्रलाई सहयोग गर्ने पवित्र उद्देश्य लिएर खुलेका लघुवित्तहरूको चर्को मार खेप्नु परेको भन्दै पीडितहरूले देशब्यापी आन्दोलन गरिरहेका छन् । पीडितहरूले संघर्ष समिति बनाएरै लघुवित्तको ब्याज असुल्ने शैलीप्रति आपत्ति जनाएका छन् । विशेषगरी मधेश र सुदूरपश्चिम प्रदेशमा लघुवित्तबाट पीडा खेप्नेहरूको संख्या धेरै रहेको संघर्ष समितिले जनाएको छ । केही वर्ष यता लघुवित्तले ऋण लिनेहरूको ज्यानै लिनेसम्मका पीडा दिएको आक्रोश आएपछि सरकारले छानबिन समिति नै बनाएको थियो । गृह मन्त्रालयका उच्च अधिकारीको नेतृत्वमा गठित छानबिन समितिले पनि लघुवित्तबाट पीडितको संख्या डरलाग्दो निकालेको थियो । गत १ फागुनमा धनगढीमा लघुवित्त पीडित संघर्ष समितिले ऋण तिर्न नसकेकै कारण आत्महत्या गर्नेहरूको संख्या डरलाग्दो रहेको दाबी गरेको छ ।

उक्त संघर्ष समितिको दाबी तलमाथि भएपनि पीडा भने सहिनसक्नु रहेको दृश्य लगातार सार्वजनिक भइरहेका छन् । मधेश र सुदूरपश्चिम जति नभएपनि प्रदेश–१, लुम्बिनी, बागमती, गण्डकी र कर्णाली प्रदेशमा पनि लघुवित्तबाट पीडितको संख्या ठूलो रहेको संघर्ष समितिको दाबी छ । उनीहरूका अनुसार, अहिले लघुवित्तबाट जोगिन दिनभर जंगलमै बस्नुपर्ने अवस्था समेत आएको छ । लघुवित्तले दिएको ऋणले ज्यानै लिनेसम्मका घटना हुनुको पछाडि भने चर्को दरको ब्याज रहेको पीडितहरू बताउँछन् । उनीहरूका अनुसार, कयौं लघुवित्तले ३६ प्रतिशतसम्म ब्याज लिने गरेको छ । अझ त्यो ब्याज चक्रीय प्रणालीमा जोडिदा घरबारविहीन हुने अवस्था आम बन्न पुगेको छ ।

जबकी राष्ट्र बैंकले इजाजत दिदा बिपन्न तथा महिलाको आयआर्जनमा मद्दत गर्ने उद्देश्य लघुवित्तहरूसँग रहेको उल्लेख गरेको छ । मुलुकको दूरदराजसम्म पुगेर लघुवित्तहरूले बिना धितो कर्जा उपलब्ध गराउँदा विपन्न महिलाहरूको जीवन पद्दति परिवर्तनमा सहयोग पुगेको राष्ट्र बैंकको दाबी समेत प्रतिवेदनहरूमा समेट्ने गरेको छ । लघुवित्तको सदस्य मात्रै ४७ लाख रहेका छन् । तर यी सदस्यहरूले ऋण वापत जीवन परिवर्तन नभएर बर्बादी भएको पीडितहरूले गुनासो गर्ने गरेका छन् । अझ केही समय अगाडि इलामका प्रेमप्रसाद आचार्यले आत्मदाह गरेरै लघुवित्तको समस्यालाई सतहमा ल्याइदिएका थिए । अर्थात् अधिकतम नागरिकसम्म वित्तीय पहुँज पुऱ्याउने र जीवनस्तर उकास्ने दाबी गरिएको लघुवित्तबारे सरकार र सम्बन्धित निकायले गम्भीर कदम चाल्नुपर्ने अवस्था आएको छ । लघुवित्त स्थापनाको उद्देश्य पवित्र होलान्, कयौ सफलता पनि मिलेको होला । तर प्रश्न उठिसकेपछि र पीडित बनेको दृश्य देखिसकेपछि सरकार रमिते बन्नु मिल्दैन । वित्तीय क्षेत्रको विकासबारे थप कार्यक्रम पछि ल्याउन सकिएला । अहिलेलाई भने तत्काल यसबारे निर्णय लिन आवश्यक छ ।

# राजनीतिमा अर्को अस्थिरता

*आज देशको अर्थतन्त्र टाट पल्टिने अवस्थामा छ । सरकारी सूचांकहरूले अर्थतन्त्रका धेरैजसो क्षेत्र निकै संकटमा पुगेको देखाउँछ । तर, बढ्दो संकटका बीच राजनीति भने थप अस्थिरता केन्द्रित छ ।*


अग्रलेख



● खिमराज गिरी

'बालकोट वार्ता'को सहमतिको आधारमा प्रधानमन्त्री बन्न पुगेका पुष्पकमल दाहाल 'प्रचण्ड'का सामू अहिले गम्भीर प्रश्नहरु तेर्सिएका छन् । प्रचण्ड कता फर्केलान् र सरकार कता जाला भन्ने अन्योलता राजनीतिमा देखिएको छ । प्रदेश तथा संघको केही महत्वपूर्ण पदहरुमा बाँडफाँट मिलेपनि प्रधानमन्त्रीलाई विश्वासको मत दिएको कांग्रेसले राष्ट्रपतिमा आकांक्षा देखाएसँगै राजनीतिमा थप अन्योलता देखिएको हो । विश्वासको मत दिएर सहयोग गरेको कांग्रेसलाई प्रचण्डले कसरी गुन लगाउलान्, प्रश्न उठेको छ । कांग्रेस गुन लाउने कुराले पनि प्रचण्डलाई कति फाइदा र बेफाइदा भन्ने पनि हुन्छ ।

नेपाली राजनीतिमा आन्तरिकसँगै बाह्य शक्तिका विषयहरु पनि जोडिएका छन् । आज चीन कम्युनिष्टहरुको सरकार बनोस् भन्नेमा देखिन्छ भने भारतीयहरुको रोजाइ भरसक मधेशी दल अन्यथा आफू अनुकूलको पात्र जसले तत्कालै नागरिकता विधेयक पारित गरी सीमा विवादमा मौनता देखाउओस्, त्यस्तो शक्तितर्फ केन्द्रित छ । उता, अमेरिकाको रोजाई शेरबहादुर देउवा वा अन्य पात्रहरु जसले चीनसँगको सम्बन्धमा दुरी राखोस् र एमसीसी, एसपीपीलगायतका योजनाहरुमा सहयोग गरोस् । यी यावत कुराहरुको स्वार्थमा नेपाली राजनीति अल्झिएको छ । जतिसुकै क्रान्तिकारी पार्टीका नेताले सत्ताको नेतृत्व गरेपनि विदेशीले पस्किएको भात नखाई नेपालको राजनीतिक यात्रा अगाडि बढ्दैन भन्ने कुरा विगत र वर्तमानमा घटनाहरुले पनि देखाउँछ ।



अझ गत साता भारतका विदेश सचिव विनय मोहन क्वात्राको भ्रमणले पनि धेरै प्रश्नहरु उब्जाएको छ । नेपाली राजनीतिमा प्रायः निर्णायक देखिने भारतको भूमिका क्वात्राको भ्रमणसँगै बढेको देखिन्छ । विभिन्न नेताहरुसँगको उनको छुट्टाछुट्टै भेटघाट कुन उद्देश्यमा थियो, प्रश्नमा छ । उनी जुन उद्देश्यका लागि आएका थिए, भेटघाट त्यसरी भएको देखिन्न । सचिव स्तरका क्वात्राले प्रधानमन्त्री प्रचण्डदेखि सबैजसो प्रभावशाली नेताहरुसँग 'वान टु वान' भेटवार्ता गरेका थिए । क्वात्राको भेटपछि राष्ट्रपति पदको लागि प्रचण्डले कांग्रेसलाई बचन दिएको विषय बाहिरिएको छ । प्रचण्डले पुस १० को बालकोट सहमति पालना गर्न नसकिने कुरा एमालेलाई स्पष्टरुपमा बताएको कुरा पनि आएको छ । क्वात्राको भ्रमणपछि कांग्रेस नेतृत्व तहमा जुन खालको उत्साह देखिएको छ, यसले राजनीतिलाई थप अन्योलतामा तिर धकेलेको देखिन्छ ।

आज सत्ता साझेदार दलहरु नै विभाजित छन् । रास्वपा सरकारमा छैन भने राप्रपाले गणतन्त्रविरुद्ध नारा लगाइरहेको छ । यता मधेशवादी तथा क्षेत्रीयवादी केही दलहरु समयअनुसारको एजेण्डा बनाएर खोंचे थापिरहेका छन् । सुदूरपश्चिम प्रदेशमा देखिएको अन्योलताले पनि गम्भीर अस्थीरताको संकेत गरेको छ । यदि सुदूरपश्चिमको अस्थिरता केन्द्र र अन्यतिर फैलिए मुलुक फेरि 'मध्यावधि'तिर धकेलिने पक्का छ ।

अहिलेको वर्तमान राजनीतिक अवस्थाबारे जनता अबुझ पक्कै छैनन् र यो अस्थीरताका पारखीहरु पनि नेताहरु नै हुन् भन्ने कुरा जनताले नबुझेका होइनन् । तर, अहिलेको अवस्थालाई नियाल्दा २०४६ सालपछिको घटनाक्रममा त्यसभन्दा यता भएका चुनाव, विभिन्न दलले प्राप्त गरेका मतपरिणाम, सरकारमा जाँदा र प्रतिपक्षमा बस्दा दलहरुको रवैया, हाल उदय भएका नयाँ शक्तिहरु विवेकशील साझा पार्टी, रास्वपा, पुरानो पार्टी राप्रपा आदिको राजनीतिक संस्कार तथा उनीहरुको प्रकृयात्मक राजनीतिक चरित्रबारे पनि जनता अनभिज्ञ छैनन् । तर, प्रजातन्त्र र गणतन्त्र आएपछि पनि देशमा आर्थिक उन्नति तथा सामाजिक क्षेत्रमा भएको केही सुधारलाई भने इन्कार गर्न मिल्दैन । तर, पनि राजनीतिक क्षेत्र अझै स्थिर हुन सकेको छैन । भ्रष्टाचारको एकचिम्टी धुलो पनि झार्न सकिएको छैन ।

आज देशको अर्थतन्त्र टाट पल्टिने अवस्थामा छ । सरकारी सूचांकहरुले पनि अर्थतन्त्रका धेरैजसो क्षेत्र संकटमा पुगेको देखाउँछ । आज व्यापार व्यवसाय गर्ने युवाहरु आर्थिक रुझान र बैंकको चर्को ब्याजदरका कारण कि विदेश पलायन हुने, कि आत्महत्याको बाटो रोज्न बाध्य छन् । एकातिर नयाँ रोजगारीको सिर्जना हुन सकेको छैन भने अर्कोतिर भएका व्यवसाय टाट पल्टिने अवस्थामा छन् । तर, राजनीतिक नेतृत्व स्थायित्वको खोजीमा देखिन्न । राजनीतिक नेतृत्वले थप अस्थिरता निम्त्याउने गरी कदमहरु चालिरहेको देखिन्छ ।

सत्ताको नेतृत्वकर्ता प्रचण्डमाथि प्रश्न उठेको छ, दुई महिना नपुग्दै एमालेसँगको सहमति तोडेर पुनः नयाँ गठबन्धनको चाँजोपाँजो अनि फेरि सत्ताको सौदाबाजी केका लागि ? के सत्ता फेरिरहँदा राजनीति ट्रयाकमा हिँड्छ ? के उत्तरी र दक्षिणी धुर्वका विपरित राजनीतिक सिद्धान्तमा अडिग भएका दलहरुको सहकार्य नै ठीक छ त ? किन सिद्धान्तहीनबीच सहकार्यको खोजी ?

अनि सधैं शक्ति, भक्ति, पद र प्रतिष्ठामा रमाउन खोज्ने तर, विकासको एजेण्डालाई उपेक्षित गर्ने ठूला दलहरु प्रतिपक्ष दलको हैसियतमा बस्नै नसक्ने र जनमत गुम्दा पनि सधैं अस्थीर राजनीतिको केन्द्रबिन्दु बनेका केही दलका नेताहरुमा भने सत्ता लिप्साको हुटहुटी कहिलेसम्म ? कांग्रेस आफ्नै कारणले प्रतिपक्षमा बस्न पुगेको हो । आफ्नै कारणले प्रतिपक्षमा बस्न पुगेको कांग्रेस फेरि किन सत्ताकै खोजीमा ?

अहिले प्रधानमन्त्री प्रचण्डको ध्यान सरकारको स्थीरता र विकासको एजेण्डा अनि बालकोटको सहमतिभन्दा पनि आसन्न राष्ट्रपतिको चुनावमा आफु अनुकूलको पात्र कसरी भित्र्याउने भन्नेमा नै केन्द्रित रहेको देखिन्छ । प्रधानमन्त्री प्रचण्ड पाँचै वर्ष प्रधानमन्त्री बन्ने खेलमा देखिन्छन् । जसको पछाडि प्रजातान्त्रिक शक्तिको हिमायती हुँ भन्ने कांग्रेस सक्रिय देखिन्छ । प्रतिपक्षमा बस्न 'खरायोलाई काउछाको माला' जस्तै कांग्रेसले स्वभाव देखाइरहेको छ । भइरहेको समीकरणलाई भत्काएर पुनः नयाँ बेहुला बन्न मन लाग्ने हो भने जनताले सुशासन र स्थीरता कसरी पाउने ? यो अस्थीरताको भेल कहिलेसम्म थेग्नुपर्ने नेपाली जनताले ?

प्रधानमन्त्रीज्यू, अहिले जनताको चासो र जिज्ञासा छ कि, यही सत्ता लम्ब्याएर राजनीतिक स्थायित्व कायम राख्नुको सट्टा पद लम्ब्याउनकै लागि दुई महिना नबित्दै फेरि कांग्रेसको ललिपपमा अल्झिएर दुईटा ढुंगामा एउटा पयर गर्न खोज्नुभएको हो त ? आज जनताका यिनै मुलभूत प्रश्नहरुको तगारोले गिजोलिएको अहिलेको राजनीतिमा राजनीति स्थायित्व हुने कहिले ? के यसरी राजनीतिलाई अगाडि बढाउँदा भनिएको राजनीतिक परिवर्तनका एजेण्डा संस्थागत होलान् ? जनताले माग्ने प्रश्नको उत्तर कसरी दिने ? के सधैँ प्रश्नबाट भागिरहन मिल्छ ?

> *अहिले प्रधानमन्त्री प्रचण्डको ध्यान सरकारको स्थीरता र विकासको एजेण्डा अनि बालकोटको सहमतिभन्दा पनि आसन्न राष्ट्रपतिको चुनावमा आफु अनुकूलको पात्र कसरी भित्र्याउने भन्नेमा नै केन्द्रित रहेको देखिन्छ । प्रधानमन्त्री प्रचण्ड पाँचै वर्ष प्रधानमन्त्री बन्ने खेलमा देखिन्छन् । जसको पछाडि प्रजातान्त्रिक शक्तिको हिमायती हुँ भन्ने कांग्रेस सक्रिय देखिन्छ ।*

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

पूर्वराजा– दल र राजसंस्थाको बिचमा सहकार्यको प्रस्ताव, केपी ओली– राष्ट्रिय आकांक्षा पूरा गर्न एकजुट हुन आह्वान, प्रम दाहाल– समाजवाद उन्मुख राज्यको आधार खडा गर्ने राष्ट्रिय कार्यभार, क्रमशः दक्षिणावर्त, मध्यावर्त र वामावर्त बाटोका अनुयायीहरूको प्रस्तावमा 'फागुन ७' कहाँनेर पर्छ ?



**- सेतेमान तामाङ**

नेपाली इतिहासमा अन्त्य भएको/गरेको शासन व्यवस्था फेरि फर्किएको इतिहास कतै छैन । उहीँ बर्बराउने मात्रै हुन । उहीँ बेलाको साना–साना गणराज्यहरू, लिच्छविकाल, मल्लकाल, राणाकाल पनि फर्केको इतिहास छैनन् भने अब शाहवंशीयको त फर्किने सम्भव नै होइन । कहिलेकाही अतीतको कथालाई सम्झाएर बर्बराउने गरिन्छ ।



**- नवराज पन्त**

कुनै पनि राष्ट्रमा माटो र पानी छ भने त्यो राष्ट्रलाई स्रोत अभाव भएको राष्ट्र भन्न मिल्दैन । त्यस्तो राष्ट्रलाई सम्पन्न राष्ट्र बनाउन परिश्रम, स्वयम् सेवा र सहकार्यमा जोड दिनुपर्छ । राष्ट्रसँग जे छ त्यसको उच्चतम प्रयोग भएन भने जनता झन् गरिब हुनसक्छन् तर, उच्चतम प्रयोग भयो भने धनि हुने हो ।



**- मुकेश काफ्ले**

विधुत् प्राधिकरणले लोडसेडिङको सूचना सम्प्रेषण गर्न डिजिटल प्रविधि प्रयोग गर्न थालेछ । उद्योगीहरूको भाइबर समूह बनाएर त्यसमा सूचना पोष्ट गर्ने व्यवस्था गरेछ । सार्वजनिकरूपमा 'लोडसेडिङ' छैन भन्न पनि पाइने, आम जनतालाई थाहा पनि नहुने । जे होस 'कुशल व्यवस्थापक' को व्यवस्थापन नै उत्कृष्ट !



**- कृष्ण अर्याल**

राजाले गलत/सही गरे, गर्नुपर्ने/नपर्ने गरे जग जाहेर छ । २४० (१०४) वर्ष के गऱ्यौ ? यो प्रश्न सोध्नु ठीक हैन । अरूलाई दोष देखाएर आफु असल भैंदैन । तिमीले नगरेको यो यो काम मैले यसरी गरेँ भनेर डाटा देखाऔं, डाटामा बोलौं, समयको तुलना गरेर बोलौं । प्याच्च बोलेर आफ्नो हैसियत नदेखाऔं ।

# नैतिकताको खडेरी

विचार



● नारायण गाउँले

